# आकाशवाणी

## प्रमुख समाचार............

1. स्वतन्त्र भारतका प्रथम गभर्नर जनरल चक्रवर्ती राजगोपालाचारीको जीवन र विरासतको स्मपणोत्सव नयाँ दिल्लीस्थित राष्ट्रपति भवनमा मनाइएकोछ। यस अवसरमा राष्ट्रपति द्रौपदी मुर्मुले चक्रवर्ती राजगोपालाचारीको प्रतिमाको अनावरण गर्नुभएको छ।

2. केन्द्रीय सहकारी मन्त्री अमित शाहले नयाँ दिल्लीमा भारत ट्याक्सीका सारथीहरू सँग अन्तरक्रिया गर्नुभयो। उहाँले भारत ट्याक्सी सहकारीले, चालकहरुलाई उनीहरूको कामको स्वामित्व प्रदान गरेर सशक्त बनाउने बताउनुभयो ।

3. भारतका लागि इजरायली राजदूत रुवेन अजरले, इजरायल यस हप्ता प्रधानमन्त्री नरेन्द्र मोदीलाई स्वागत गर्न उत्साहित रहेको भनेका छन् ।

4. तेहरानस्थित भारतीय दूतावासले इरानमा रहेका भारतीय नागरिकहरूलाई व्यावसायिक उडानहरू लगायत उपलब्ध यातायातका साधनहरू प्रयोग गरेर देश छोड्न आग्रह गरेको छ । र

5. मुम्बईको वानखेडे स्टेडियममा जिम्बाब्वेले सुपर 8 समूह 1 को आफ्नो खेलमा वेस्ट इन्डिजसँग खेल्दैछ। टस् जीतेर जिमबाब्बेले पहिले बलिङ गर्दैछ।

---------

## राजाजी-उत्सव

भारतका प्रथम गभर्नर जनरल चक्रवर्ती राजगोपालाचारीको जीवन र विरासतको स्मरणोत्सव नयाँ दिल्लीस्थित राष्ट्रपति भवनमा मनाइन्दैछ। यस अवसरमा राष्ट्रपति द्रौपदी मुर्मुले राष्ट्रपति भवनमा चक्रवर्ती राजगोपालाचारीको प्रतिमाको अनावरण गर्नुभएको छ। अशोक मण्डप

नजिकैको भव्य सीढ़ीमा राजगोपालाचारीको प्रतिमाको स्थापना एडविन लुटियंसको प्रतिमाको ठंडमा गरिएकोछ ।

उपराष्ट्रपति सीपी राधाकृष्णन, केन्द्रीय मन्त्रीहरू जगत प्रकाश नड्डा, डा. एस जयशंकर, धर्मेन्द्र प्रधान, गजेन्द्र सिंह शेखावत, डा. एल. मुरुगन र चक्रवर्ती राजगोपालाचारीका परिवारका सदस्यहरू पनि यस अवसरमा उपस्थित थिए।

सभालाई सम्बोधन गर्दै राष्ट्रपतिले चक्रवर्ती राजगोपालाचारी भारतका एक महान पुत्र भएको बताउनुभयो। उहाँले राजाजीको आदर्शमा काम गर्नु नै उहाँलाई दिन सकिने सबैभन्दा साँचो श्रद्धाञ्जली हो भन्नुभयो।

यस अवसरमा बोल्दै उपराष्ट्रपति सीपी राधाकृष्णनले भन्नुभयो औपनिवेशिक प्रभावबाट भारतको मुक्तिको आन्दोलन एकल घटना होइन, तर यो शासन, कानून, शिक्षा, संस्कृति र राष्ट्रिय पहिचानमा निरन्तर परिवर्तन हो। सोहि अवसरमा केन्द्रीय मन्त्री गजेन्द्र सिंह शेखावतले प्रधानमन्त्री नरेन्द्र मोदीको सन्देश पढेर सुनाउनुभयो जसमा प्रधानमन्त्रीले राष्ट्रपति भवनको ऐतिहासिक केन्द्रीय प्रांगणमा राजाजीको प्रतिमाको अनावरणलाई देशका जनताका लागि अपार गौरवको क्षणको रूपमा वर्णन गर्नुभयो।

## गृह मन्त्रालय : "प्रहार"

गृह मन्त्रालयले आज भारतको नयाँ राष्ट्रिय आतंकवाद विरोधी नीति र रणनीति "प्रहार" को अनावरण गर्यो। यो रणनीतिले आतंकवादी खतराहरूलाई रोक्न र प्रतिरोध गर्न सक्रिय दृष्टिकोण प्रयोग गरेर विकसित हुँदै गइरहेको आतंकवादी खतराहरूलाई सम्बोधन गर्न व्यापक रूपरेखा प्रस्तुत गर्दछ। मन्त्रालयले एक विज्ञप्तिमा भनेको छ कि खतराहरूको प्रकृति परिवर्तन हुँदै गइरहेको छ र नयाँ चुनौतीहरू प्रस्तुत गर्दै आएको छ, तर देशले सबै रूप र अभिव्यक्तिहरूमा आतंकवादको विरोध गर्न निरन्तरता दिएको छ। मन्त्रालयले उल्लेख गरेको छ कि यो सैद्धान्तिक दृष्टिकोणले आतंकवाद विरुद्ध शून्य सहनशीलताको भारतीय नीतिलाई सूचित गर्दछ ।

## शाह- भारत ट्याक्सी

केन्द्रीय सहकारी मन्त्री अमित शाहले नयाँ दिल्लीमा भारत ट्याक्सीका सारथीहरू सँग अन्तरक्रिया गर्नुभयो। आज जारी गरिएको एक भिडियोमा, श्री शाहले भारत ट्याक्सी सहकारीले चालकहरूलाई उनीहरूको कामको स्वामित्व प्रदान गरेर सशक्त बनाउने बताउनुभयो। उहाँले भन्नुभयो, यो पहल निजी ट्याक्सी सेवा कम्पनीहरूसँग सम्बन्धित समस्याहरू कम गर्न र सहकारीलाई होइन, चालकहरूलाई नाफा प्रदान गर्न केन्द्रित छ।

श्री शाहले थप भन्नुभयो, यो पहल चालकहरूको कल्याण र यात्रुहरुको सुरक्षाको लागि एक मंच बन्दैछ। भारत ट्याक्सीको अनौठो सारथी दिदी पहललाई प्रकाश पार्दै उहाँले यो सुविधा मार्फत महिला यात्रुहरूले आफ्नो सवारीको लागि महिला चालक छनौट गर्न सक्ने बताउनुभयो।

## इजरायली राजदूत-प्रधानमन्त्री भ्रमण

भारतका लागि इजरायली राजदूत रुवेन अज़रले इजरायल यस हप्ता प्रधानमन्त्री नरेन्द्र मोदीलाई स्वागत गर्न उत्साहित छ, भनेका छन्। सामाजिक सञ्जाल पोस्टमा उनले भने कि भारत र इजरायल एकसाथ आउँछन् तब यो केवल बैठक मात्र हुँदैन तर विश्वासमा निर्मित साझेदारी हुन्छ। दुवै देशहरू स्वतन्त्र व्यापार सम्झौता (FTA) मा हस्ताक्षर गर्न अगाडि बढिरहेका छन् भन्ने कुरालाई प्रकाश पार्दै, इजरायली राजदूतले भने कि प्रधानमन्त्री मोदीको भ्रमणको क्रममा सुरक्षा सम्झौताहरू अद्यावधिक गरेर भारत र इजरायलले रक्षा साझेदारीलाई गहिरो बनाउनेछन् ।

## भारतीय दूतावास - इरान सल्लाहकार

तेहरानस्थित भारतीय दूतावासले इरानमा बसोबास गर्ने भारतीय नागरिकहरूलाई व्यावसायिक उडानहरू लगायत कुनै पनि यातायातको माध्यम प्रयोग गरेर देश छोड्न आग्रह गरेको छ। दूतावासले 14 जनवरीको आफ्नो सल्लाहलाई दोहर्‍याउँदै भनेकोछ सबै भारतीय नागरिकहरू र भारतीय मूलका व्यक्तिहरूले उचित सावधानी अपनाउनुपर्छ र विरोध वा जुलुस हुने क्षेत्रहरूबाट टाढा रहनुपर्छ।

उनीहरूलाई इरानस्थित भारतीय दूतावाससँग सम्पर्कमा रहन र मिडिया रिपोर्टहरू निगरानी गर्न सल्लाह दिइएको छ। दूतावासले भारतीय नागरिकहरूलाई पासपोर्ट र परिचयपत्र सहित आफ्नो यात्रा र अध्यागमन कागजातहरू राख्न पनि अनुरोध गरेको छ। दूतावासले हेल्पलाइन नम्बरहरू पनि जारी गरेको छ: + 98 912 810 9115; +98 912 810 9109; +98 912 810 9102 र +98 993 217 93591

दूतावासलाई cons.tehran@mea.gov.in मा पनि सम्पर्क गर्न सकिन्छ।

**अनिवार्य घोषणा सार्वजनिक भाषण**

आकाशवाणीको समाचार सेवा प्रभागले आज राति 9:30 बजे फोन-इन कार्यक्रम "पब्लिक स्पीक" मा "एआई युगमा डीप फेक देखि सुरक्षा" विषयक छलफल प्रसारण गर्नेछ। यसमा साइबर कानून विशेषज्ञ डॉ. पवन दुग्गल र साइबर सुरक्षा विशेषज्ञ डॉ. अनुप गिरधर सहभागी हुनेछन् ।

कार्यक्रमको क्रममा, श्रोताहरूले टेलिफोन नंबर 011-2331 0481, 011-23717117, 011-2371 71062011-23314444. मा कल गरेर विशेषज्ञहरुलाई प्रश्नहरू सोध्न सक्छन्। प्रश्नहरू व्हाट्सएप मार्फत 9289094044 मा पनि पठाउन सकिन्छ।

**प्रधानमन्त्री- बुङ**

प्रधानमन्त्री नरेन्द्र मोदीले मणिपुरी भाषाको चलचित्र बुङको टोलीलाई बाल तथा पारिवारिक चलचित्र श्रेणीमा प्रतिष्ठित बाफ्टा पुरस्कार जितेकोमा बधाई दिनुभएकोछ । सामाजिक सञ्जाल पोस्टमा श्री मोदीले विशेष गरी मणिपुरको लागि यो खुशीको क्षण हो, भन्नुभयो ।

**प्रधानमन्त्री संवेदना- मुकुल रॉय**

प्रधानमन्त्री नरेन्द्र मोदीले पूर्व रेलमन्त्री मुकुल रॉयको निधनमा गहिरो दुःख व्यक्त गर्नुभएकोछ। सामाजिक सञ्जाल पोस्टमा प्रधानमन्त्रीले मुकुल रॉयलाई उनको राजनीतिक अनुभव र समाज सेवा गर्ने प्रयासका लागि याद गरिने छ भन्नुभयो। लामो समयदेखि स्वास्थ्य समस्यासँग

जुझिरहेका मुकुल रोयको आज बिहान कोलकाताको एक निजी अस्पतालमा निधन भएको थियो।

## पश्चिम बंगाल प्रधानमन्त्री

प्रधानमन्त्री नरेन्द्र मोदीले पश्चिम बंगालको तृणमूल कांग्रेस सरकारमाथि अशान्ति, भ्रष्टाचार र तुष्टीकरणको आरोप लगाउँदै आगामी विधानसभा चुनावमा जनताको समर्थनको माग गर्नु भएको छ।

## नेपाल - दुर्घटना

आज बिहान नेपालमा बस दुर्घटनामा 17 जनाको मृत्यु भएको छ। पोखराबाट काठमाडौँ जाँदै गरेको बस त्रिशूली नदीमा खसेको छ जसमा 44 जना यात्रु थिए।

## T20 WC क्रिकेट

ICC पुरुष T20 क्रिकेट विश्वकपमा, मुम्बईको वानखेडे स्टेडियममा जिम्बाब्वेले सुपर 8 समूह 1 को आफ्नो खेलमा वेस्ट इन्डिजसँग खेल्दैछ। Toss जितेर जिम्बाब्वेले पहिले बलिङ गर्ने निर्णय गरेकोछ।